# आर्यघाट   कपिल अधिकारी

ब्रम्हनाल म लडेको छ
लडाइएको छ
डङरङ
गिद्ध हरु माथि उडि रहेछन
अहारा आशा  मा
पैतालाले बाग्मति र शीर ले शिब लिंगम छोएर
चिसो ढुंगा मा पल्टेको छ
एउटा शरीर लमतन्न
पारि पट्टि श्ब्लेमांतकमा भने
पर्यटक
तस्बिर  खिचि रहेछ धमाधम

वरि परि रमिते छन
घाटे बैध्य घडि हेरि रहेछ
रुने कोहि छैन न कराउने कोहि
हेरि रहेछन
रियल टाइम चित्र
नेट मा,  टीवी मा,  छापा मा
घिट घिट  आर्यघाट को

दाउरा को खात
चिता को तयारि छ,अग्रिम

नाता दाबि गर्दै
केहि बुढी को सम्पति यति त्यति
तेरो मेरो भनि रहेछन
हजाम अगडि
लाइन लागेर बसेका छन
चिण्डे बन्न
नाता जोड्न

एक हुल मदर टेरेसा हरु भने
भिजे का नजर त्यसाइ रहेछन
नगिचै बाबा हरु धूनि लाइ रहेछन
धुवाँ को मुस्लो र खरानि मा
रमाइ  रहेछन अघोर हरु

बाँदरको को झुंड भने चक चक बन्द गरेर
के बित्यास परयो भनि
ब्रम्हनाल मा नजर अडाइ रहेछन

परेवा का बटालिन
छत छत मा बसेको छ,शांत भएर

क्यामरा तंकाइ रहेछ पर्यटक
रोमांचित भएर
यो जुनि बाट अर्को मा जाने
अंतिम दृस्य कैद गर्न

पारस नाथ शीर झुकाइ रहेछन
आफ्नै अशक्तता को
कोप मा बेरिएर
नन्दि निउरि मुंटि न भएको छ
लाज ले , पीडा ले
घंट बझि रहेछ
किर्तन भित्र जोड तोड ले

सोध्छ पर्यटक
को, के  हो घिट घिट लमतन्न ?
अकमक परेर
एक छिन घोरिएर
निलुँ ओकलुँ दोमन गरेर
भंछ गाइड
कोहि हैन
सबै नेपाल आमा भंछन

ताइपे, ताइवान
1st Nov,2003